# परिच्छेद १

# लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ को वार्षिक कार्यान्वयन कार्ययोजना

## १.पृष्ठभूमि

नेपालको संविधानले नै लैंगिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । समान नागरिक, समान सहभागिता, सामाजिक सुरक्षा,कानुनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकताका साथ राखिएको छ । यद्यपी ५१ प्रतिशत भन्दा बढी जनसंख्या रहेको महिलाहरु अझ पनि देशमा समान नागरिकको हैसियतमा पहिचान स्थापित हुन सकेको छैन, महिलाहरुको राजनैतिक सहभागिता बृद्धि भएको देखिएता पनि महिलाहरुलाई हेर्ने विभेदपूर्ण दृष्टिकोण, सामाजिक मूल्यमान्यता र यसबाट सिर्जित हानीकारक परम्परागत अभ्यासका कारण महिलाको नेतृत्व स्वीकार हुने वातावरण बन्न सकेको छैन । महिलाविरुद्ध हुने भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई राज्यले कानुनद्धारा दण्डनीय बनाएको छ ।

सन् २०३० सम्ममा समानता, सामाजिक न्यायलाई केन्द्रमा राख्दै संसारबाट गरिबी हटाउने अभिप्रायका साथ दिगो विकास लक्ष्य तयार गरी आत्मसात गरिएको छ । लैगिंक समानतालाई विकास र समृद्धिका सवालका रुपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन नसक्ने तथ्यलाई विश्वले आत्मसा गरिसकेको छ । नेपाल सरकारले लैंगिक हिंसाको सम्बोधनका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरु तय गरेको छ। यसर्थ, लैंगिक असमानताको सम्बोधनका लागि स्थानीय स्तरबाट लैगिंक हिंसा विरुद्धको अभियानहरुचलाई लैगिंक हिंसा विरुद्ध शुन्य सहनशीलता कायम गराउनु पर्दछ ।

वि. सं २०६३ सालमा पुनस्थापित प्रतिनिधि सभामा पेश भएको जरुरी सार्वजनिक महत्वको प्रस्तावमा “आमा वा बावुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न,विभेदकारी कानूनको खारेजी गर्न, महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्न” लाई वि. सं २०६३ साल जेठ १६ का दिन तत्कालीन प्रतिनिधि सभाले सर्वसम्मतरुपमा  पारित गरेको थियो । यसले महिलाको हक

अधिकारलाई संवैधानिक रुपमा स्थापित गर्न महत्वपूर्ण आधार प्रदान गरेको थियो । यस उपलब्धिपूर्ण दिनको स्मरणमा नेपाल सरकारले यस वर्ष (वि.सं. २०७६) देखि प्रत्येक वर्ष जेठ १६ का दिन राष्ट्रिय महिला अधिकार दिवस मनाउने निर्णय गरेको छ । साथै यस वर्ष २०७६ साललाई लैंगिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा संघ, प्रदेश र स्थानीय तहले अभियान कार्यक्रम संचालन गरी मनाउने निर्णय भएको छ । यसर्थ देशव्यापी रुपमा "लैंगिक हिंसा मुक्त देश निर्माण"भन्ने मुल नाराका साथ यस अभियान सञ्चालन हुन आवश्यक छ ।

## २ कार्ययोजनाको आवश्यकता

विश्वमा महिला अधिकार तथा मुक्तीका लागि इतिहासकाविभिन्न कालखण्डमा विभिन्न संङ्घर्ष तथा आन्दोलनहरु हुँदआएका छन । महिला अधिकार र महिला सशक्तीकरणका लागि विभिन्न अवधारणाहरु अवलम्वन गरिएकोछ । नेपालले महिला विरुद्ध हुनसबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ लाई १९९१ मा अनुमोदन गरेको छ । सन १९९५ मा संयुक्त राष्ट्रसंघले चीनको वेइजिङ्गमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलनमा लैगिंक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रुपमा लिई १२ वटा क्षेत्रहरुमा परिवर्तनको प्रतिवद्धता व्यक्त गरेको थियो । सन २०२०मा बेइजिङ्ग घोषणाको २५ वर्ष पुग्न लागेको उपलक्ष्यमा पछिल्लो ५वर्षको समीक्षा गरी प्रतिवेदन पेश भएको छ । दिगो विकासको लक्ष्य ५ लैगिंक समानता र वालिका सशक्तीकरणको लक्ष्य प्राप्तिका लागि सूचकहरु निर्माण गरी कार्यान्वयनमा रहेको छ । सो लगायत क्षेत्रिय जगतमा विभिन्न सन्धि वा सम्झौताहरुमा हस्ताक्षर गरी नेपाल सरकारले लैगिंक समानता कायम गर्ने प्रतिवद्धता जनाएको छ ।

नेपालको संविधान लैगिंक विभेदको अन्त गर्ने संकल्प गर्दै महिलालाई लैगिंक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थय सम्बन्धी हक राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा विभेद रहित समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने संकल्प गरेकोछ । महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय वनाई पीडितलाई क्षतिपूति दिलाउन र शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षा मा विशेष अवसरद्धारा लैगिंक समानता कायम गर्नेव् यवस्था गरेकोछ । नेपालमा लैंगिक हिंसा अन्तको लागि संवैधानिक योजनागत,नीति तथा कानूनी रुपमा थुप्रै प्रयासहरु भएता पनि अझै पनि दाइजो वोक्सी छाउपडी लगायतका कुप्रथा तथा कुसंस्कारका कारणहरु निर्दोष महिला वालवालिका तथा किसोरीहरु घरेलु हिंसा वलात्कार तथा यौनजन्य

हिंसा कार्यस्थलमा हुने हिंसा आर्थिक तथा सांस्कृतिक लगायत विभिन्न हिंसावाट पिडित भइरहेका छन । लैगिंक रुपले विभेदरहित समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको लागि महिलाहरुका समान अग्रसरता र नेतृत्वदायी भूमिका सहित सबै महिला तथा पूरुषहरुले आत्म सम्मान वोध हुने वातावरण निर्माण गर्न र सबै तह क्षेत्र र संरचनाहरुमा लैगिंक मैत्री वातावरणको निर्माण गर्न आवश्यक पर्दछ । यस्तो प्रयास सवै जिम्मेवार निकायहरुवाट स्थानीय तह देखिनै अभियानमूलक रुपमा संचालन हुन आवश्यक भएकोले तदनुरुप कार्ययोजना वनाइ कार्यान्वयन गर्नु पर्ने आवश्यकता भएको छ ।

## ३. उद्देश्य

(१) लैङ्गिक हिंसाको अन्त तथा लैंगिक समानता विकास र महिला सशक्तिकरणका लागि हालसम्म प्राप्त उपलब्धीहरु समेट्दै विद्यमान लैंगिक हिंसा विभेद असमानता र वन्चितिकरणका लागिलैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलताको नीतिद्धारा लैङ्गिक हिंसामुक्त राष्ट्र निर्माण गर्ने आधार तयार  गर्ने ।

(२) लैङ्गिक हिंसामुक्त देश निर्माण राष्ट्रको प्राथमिकता भन्ने सबै तहबाट प्रतिवद्धताका लागि अपिल गर्दै महिला बालबालिका माथि हुने हिंसा विरुद्ध सवै प्रदेश तथा स्थानीय तहहरुवाट कार्ययोजनाको कार्यान्वयन गर्ने ।

**४. यो अभियान अन्तर्गत प्रमुख रुपमा निम्न क्षेत्रमा भै रहेका हिंसाहरु सम्बोधन गरिने छन्**

१. घरेलु हिंसा
२. वैदेशिक रोजगारसँग सम्बन्धित हिंसा
३. मनोरञ्जन क्षेत्रमा कार्यरत महिलासँग सम्बन्धित
४. यौनहिंसा तथा दुव्र्यहार
५. कार्यस्थलमा हुने यौनजन्य हिंसा
६. सामाजिक सञ्जालको दुरुपयोगबाट हुने हिंसा
७. अन्धविश्वास, कुरीति, कुसस्कार तथा गलत अभ्यासको कारणबाट सिर्जना भएका हिंसाहरु
८. राजनीतिक क्षेत्रमा महिला माथि हुने हिंसा
९. सार्वजनिक स्थलमा हुने हिंसा
१०.एसिड आक्रमणबाट हुने हिंसा

## ६. अभियानमा लिईएका रणनीतिहरु निम्न स्तम्भहरुमा आधारित हुनेछन्

| | |
|---|---|
| रोकथाम | लैगिक हिंसा हुनै नदिने वातावरण तयार पार्न सचेतना र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ । यो अभियान अन्तर्गत सञ्चालित हुने सबै कार्यक्रमहरु हरेक पीडितप्रभावितहरु परिवर्तनका बाहक हुन् भन्ने सोचबाट गरिनेछ । |
| प्रबद्र्धनात्मक | लैंगिक विभेदमा आधारित हिंसा मानब अधिकारको मुद्दा हो, संरचनागत विभेद यसका मूल कारण हुन् भन्नेबारे जानकारी गराउनुको साथै संविधानत प्रदत्त समानताको अधिकार प्रबद्र्धन गर्ने । |
| सहयोग | प्रभावित एवं तिनका परिवारका सदस्यहरुलाई सहयोग तथा पुनरुस्थापना गर्ने |
| न्यायमा पहुँच बढाउने | पीडित तथा प्रभावितहरुको मानव अधिकार संरक्षणका लागि आवश्यकता अनुरुपको सहयोगी संयन्त्रहरु प्रदान गर्ने तथा हिंसाबाट पीडित/प्रभावितको सामाजिक तथा कानुनी न्याय प्राप्त गर्ने वातावरण सिर्जना गर्ने । |

# परिच्छेद – २

## २.१. जिम्मेवारी निकायको भूमिका

कार्ययोजनामा स्पष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयनबाट नै त्यस्ता कार्ययोजनाका उद्धेश्य हासिल गर्न सकिन्छ । यसका लागि तोकिएका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुनु अनिवार्य हुँदा प्रत्येक क्रियाकलापको कार्यान्वयनको लागि जिम्मेवार निकायहरु तोकिने गरिन्छ । यसरी तोकिने जिम्मेवार निकायको कार्ययोजना कार्यान्वयनमा प्रमुख भूमिका रहन्छ । यस्ता निकायले आफैंले कार्य प्रारम्भ गर्नुपर्ने विषयमा आफैंले नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य सहयोगी निकायको सहयोगको आवश्यकता भएका त्यस्ता सहयोगका लागि समन्वय गरी तोकिएको कार्य तोकिएको समयमा नै सम्पन्न गर्न प्रमुख भूमिका निर्वाह गर्नुपर्ने पनि हुन्छ । प्रस्तुत कार्ययोजना तयार गर्दा पनि कार्ययोजनामा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न प्रमुख रुपमा जिम्मेवार हुने निकायहरु निश्चित गरी कार्ययोजना तयार गरिएको छ । त्यसरी जिम्मेवारी तोकिएको निकायले समन्वय गरी आवश्यकता अनुसार सहयोगी निकायको सहयोग समेत लिइ कार्ययोजनामा उल्खित क्रियाकलापहरुको कार्यान्वयन गर्नुपर्नेछ ।

## २.२. सहयोगी निकायको भूमिका

कार्ययोजना कार्यान्वयनलाई केन्द्रविन्दुमा राखि कार्ययोजना तयार गर्दा नै कार्ययोजनामा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न प्रमुख रुपमा जिम्मेवार हुने निकाय निश्चित गरी त्यस्ता निकायलाई तोकिएको क्रियाकलाप सफलतापूर्वक कार्यान्वयन गर्न सहयोगी हुन सक्ने निकायको पहिचान गरिएको छ । कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरुको कार्यान्वयनको लागि प्रमुख रुपमा जिम्मेवार निकायले समन्वय गरेको वा सहयोगका अपेक्षा गरेको अवस्थामा सहयोगी निकायले त्यस्ता जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्नमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ । साथै, कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरुका प्रभावकारी कार्यान्वयनका लागि सहकार्य गर्नुपर्ने भनी प्रमुख जिम्मेवार निकायले अनुरोध गरेको अवस्थामा समेत सहयोगी निकायले त्यस्ता क्रियाकलाप कार्यान्वयन गर्नका लागि प्रमुख जिम्मेवार निकायसँग सहकार्य गर्नुपर्नेछ ।

## २.३ अवधि

यो कार्ययोजनाको अवधिएक वर्षको हुनेछ आ।व। २०७६।०७७को अन्त सम्म

# ३ लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ कोकार्यान्वयन कार्ययोजना

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| **१.रणनीतिः रोकथाम** | | | | | |
| १.१ लैंगिक हिंसा लगायत समाजमा विद्यमान विभिन्न कुरीतिजन्य हिंसा निवारण गर्ने । | सात वटै प्रदेशका सामाजिक विकास मन्त्री र विभागीय प्रमुखसगँ अन्तरक्रिया गर्ने । | म.बा.तथा ज्ये.ना.म. | प्रदेश सा.वि मं. | पहिलोचौमासिक | |
| | सवै प्रदेशहरुले प्रत्येक मन्त्रालय तथा विभागमा लैंगिक सम्पर्क व्यक्तिहरु तोक्ने | प्रदेश सा.वि मं | म.बा.तथा ज्ये.ना.म. | दोस्रो चौमासिक २०७६ | |
| | प्रत्येक प्रदेशअन्तर्गतनिजी तथा सामुदायिक बिद्यालयमा लैङ्गिक हिसां बिरुद्धको सूचना सन्देशहरु तयार गरी वितरण तथा प्रचार प्रसार गर्ने । | प्रदेश सा.वि मं. | शि वि प्रविधि मन्त्रालय स्थानीय तह<br>म.बा.तथा ज्ये.ना.म., जिल्ल शिक्षा समन्वय इकाई<br>प्याव्सन , एन प्याव्सन | माघ २०७६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यार्थी विशेष गरी छात्राहरु माथि हुने दूवर्यवहार रोक्न विद्यालय तहमा प्रभावकारी गुनासो व्यवस्थापन संयन्त्र स्थापना गर्ने | प्रदेश सामाजिक विकास मन्त्रालय | शि वि प्रविधि मन्त्रालय मन्त्रालय स्थानीय तहहरु म.बा.तथा ज्ये.ना.म. प्याव्सन , एन प्याव्सन | २०७६ माघ | |
| | विद्यालय शिक्षाको पाठ्यक्रममा लैंगिक हिंसा अन्त्य, छाउपडी तथा कुरीति विरुद्ध र महिला सशक्तीकरण विषयहरु समावेशको लागि पहल गर्ने । | शि वि प्रविधि मन्त्रालय, पाठयक्रम विकास केन्द्र | प्रदेश सामाजिक विकास मन्त्रालय स्थानीय तहहरु म.बा.तथा ज्ये.ना.म. | निरन्तर | |
| | उच्च शिक्षा तथा विद्यालय तहको पठनपाठनको बिधिलाई लैङ्गिक मैत्रि बनाउने। | शि वि प्रविधि मन्त्रालय, प्रदेश स.वि.म, स्थानीय तह | म.बा.तथा ज्ये.ना.म. | निरन्तर | |
| | विद्यालयमा लैगिंक सम्पर्क व्यक्ति (Gender focal person)तोक्ने | शि वि प्रविधि मन्त्रालय, प्रदेश स.वि.म, जिल्ल शिक्षा समन्वय इकाई, | म.बा.तथा ज्ये.ना.म. प्याव्सन , एन प्याव्सन | माघ २०७६ | |
| | छात्रा छात्रहरुको लागि छुट्टा छुट्टै शौचालय निर्माण गर्न शिक्षाका सवै तहलाई परिपत्र गर्ने तथा प्राथमिकताका साथ निर्माण गर्ने नीति लिने । | शि वि प्रविधि मन्त्रालय, राष्ट्रिय पुर्न निर्माण प्राधिकरण | प्रदेश सामाजिक विकास मन्त्रालय स्थानीय तहहरु | माघ २०७६ र निरन्तर | |
| | संघ, प्रदेश तथा स्थानीय | प्रदेश तथा स्थानीय | म.बा.तथा ज्ये.ना.म. | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सरकारले निर्माण गर्ने भौतिक संरचनाहरु लैंगिक मैत्री रुपले निर्माण गर्दै जाने। | तह | | पहल | |
| | संघ, प्रदेश र स्थानीय तहमा लैगिंक उत्तरदायि बजेट निर्माणको गर्ने । | अर्थ मन्त्रालय प्रदेश आर्थिक मामिला मन्त्रालय, तथा स्थानीय तह | म.बा.तथा ज्ये.ना.म. प्रदेश आर्थिक मामिला मन्त्रालय, प्रदेश तथा स्थानीय तह | निरन्तर | |
| | लैङ्गिक हिंसा नियन्त्रणसंयन्त्र र संजाल समितिका सदस्य पदाधिकारीहरुलाई समयसापेक्ष कार्य गर्न क्षमता अभिवृद्धी सम्बन्धी प्रशिक्षण प्रदान गर्ने । | नेपाल प्रहरी, संघ,प्रदेश तथा स्थानीय तह | सामाजिक अभियन्ता, किशोर किशोरी क्लवहरु शि. वि.तथा प्र.म. प्रदेश सरकार, सामुदायिक विद्यालय, | १ वर्ष | |
| | लैंगिक हिंसासंग सम्बन्धित कुनै बिषयमा त्यसका कारण र न्यूनिकरणका उपाय पत्ता लगाउनका लागि Social Research गर्ने । | नेपाल प्रहरी | गृह मन्त्रालय, सा.मा. तथा सा.प्र. म. | १ वर्ष | |
| | राष्ट्रिय मिडियामा महिला हिंसा विरुद्ध अभियान वर्ष २०७६ सफल बनाउन सम्पुण तह र तप्काका समुदायलाई आह्वान गर्ने । | म.बा.तथा ज्ये.ना.म., | संघ,प्रदेश तथा स्थानीय तह, पत्रकार महासंघ | १ वर्ष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | Metro Traffic F.Mर प्रहरी अनुरोधको प्रत्येक कार्यक्रममा GBV संग सम्बन्धीत सामग्री अनिवार्य सम्प्रेशण गर्ने । | नेपाल प्रहरी | गृह मन्त्रालय, सा.मा. तथा सा.प्र. म. | निरन्तर | |
| | Digital Displayमा सन्देश राख्ने ( Public Places तथा चोकहरुमा)<br>(प्रथम चरणमा महानगर र बढि अपराध हुने ठाउंहरुको पहिचान गरेर ) | म.बा.तथा ज्ये.ना.म., नेपाल प्रहरी | प्रदेश सामाजिक विकास मन्त्रालय स्थानीय तह<br>म वा तथा ज्ये ना म<br>संचार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | |
| | सामुदायिक, निजि तथाधार्मिक आस्थाकाविद्यालयहरू (मदर्सा, गुम्बा आदि) का विद्यार्थीहरूलाई लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाह, मानववेचविखन, Cyber Crimeलगायत आधारभूत सुरक्षासम्बन्धी जानकारीमूलक सचेतना जगाउन स्कूल सम्पर्क कार्यक्रम गर्ने । | नेपाल प्रहरी, स्थानीय तह, जिल्ल शिक्षा समन्वय इकाई, | गृह मन्त्रालय<br>संचार तथा सूचना प्रविधि मन्त्रालय<br>राष्ट्रिय महिला आयोग<br>प्र.प्र.का जनसम्पर्क शाखा<br>प्र.प्र.का. श्रव्यदृष्य शाखाप्,<br>प्रदेश प्रहरी कार्यालय जिल्ला प्रहरी कार्यालय | पौष २०७६ | |
| | लैंगिक हिंसा (महिला बालबालिका तथा जेष्ठनागरिक) सम्वन्धीतथ्याङ्कमा एकरुपता | नेपाल प्रहरी | प्रदेश प्रहरी कार्यालय र स्थानीय तह | १ वर्ष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ल्याई व्यवस्थापन गर्न तथ्यांक व्यवस्थापन शाखामा कार्यरत प्र.क.लाई अनुशिक्षण प्रदानगर्ने | | | | |
| | हिंसा पीडित महिलाबालबालिका तथा जेष्ठनागरिकहरुलाई एकिकृत सेवाप्रदान गर्न काठमाण्डौमा One StopCentre स्थापना तथा सञ्चालन गर्ने (केन्द्रवाटसुरुवात गरी प्रदेश स्तरकोलागि समेत पहल गर्ने) | नेपाल प्रहरी | गृह मन्त्रालय<br>राष्ट्रिय महिला आयोग<br>म. बा. तथा ज्ये. ना. म. | फागुन २०७६ | |
| | | | | | |
| १.२ लैङ्गिक हिंसा विरुद्धका सूचनामूलक सन्देश विज्ञापन, चलचित्र वृतचित्र निर्माण तथा प्रचार प्रसार गर्ने। | लैंगिक हिंसा विरुद्धको Documentary तयार गरी मैथली भाषामा समेत प्रसारण गर्ने तथा विभिन्न सन्देशमूलक सामाग्री प्रसारण गर्ने। | म.बा.तथा ज्ये.ना.म. | नेपाल टेलिभिजन,तथा निजी टेलिभिजनहरुपत्रकार महासंघ<br>विभिन्न सञ्चार माध्यमहरु | निरन्तर | |
| | प्रचार र प्रचार सामग्री वितरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | संघ,प्रदेश तथा स्थानीय तह | म. बा. तथा ज्ये. ना. म.,विभिन्न सञ्चार माध्यमहरु | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लैंगिक हिंसा मानव वेच विखन तथा कुरीति विरुद्धका सन्देशहरु नियमित रुपमा रेडियो नेपाल वाट प्रसारण गर्ने । | म.बा.तथा ज्ये.ना.म. | रेडियो नेपाल | २०७६ आश्विन देखि निरन्तर | |
| | लैंगिक हिंसा विरुद्धको सूचनामूलक पर्चा तयार गरी सामाजिक विकास मन्त्रालयको सहयोगमा स्थानीय तहसम्म वितरण गर्ने । | म.बा.तथा ज्ये.ना.म. | प्रदेश सामाजिक विकास मन्त्रालय, विभिन्न सरोकारवाला संघरसंस्था तथा महिला भागिनी संगठनहरु | पौष २०७६ | |
| | संबैधानिक तथा कानुनी अधिकारको बारेमा प्रचार प्रसार गर्ने । | संघ,प्रदेश तथा स्थानीय तह | म.बा.तथा ज्ये.ना.म., विभिन्न सञ्चार माध्यमहरु | निरन्तर | |
| | महिला हिंसा महिला शसक्तिकरण सम्वन्धी मन्त्रालयवाट भएका पहल सम्वन्धमा Talk show कार्यक्रम टेलिभिजनवाट प्रसारण गर्ने । | म.बा.तथा ज्ये.ना.म. | टेलिभिजन<br>सञ्चार माध्यमहरु | पौष २०७६ देखि निरन्तर | |
| | सार्बजनिक बसहरुमा सन्देशमुलक सूचना तथा विज्ञापन प्रसारण गर्ने । | म.बा.तथा ज्ये.ना.म. प्रदेश सामाजिक विकास मन्त्रालय | यातायात व्यवस्था विभाग, स्थानीय तह, सञ्चार माध्यमहरु | २०७६ भित्र विभिन्न | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नेपालमा वनाइने कथानक चलचित्र एंव व्यापारिक विज्ञापनहरुमा लैंगिक हिंसालाई प्रश्रय दिने खालको सन्देश जान नसक्ने गरी सेन्सर गर्ने । | संचार तथा सूचना प्रविधि मन्त्रालय | चलचित्र विकास वोर्ड<br>चलचित्र निर्माताहरु<br>नेपाल विज्ञापन संघ<br>चलचित्र जाँच समिति | निरन्तर | |
| | विभिन्न संचार माध्यमहरुलाई लैंगिक हिंसा विरुद्ध सहयोग पुग्ने समाचार तथा सामाग्रीहरु प्रकाशन तथा प्रसारण गर्न अनुरोध गर्ने । | संचार तथा सूचना प्रविधि मन्त्रालय | सूचना विभाग<br>नेपाल पत्रकार महासंघ<br>छापा तथा विद्युतीय छापा माध्यमका प्रतिनिधि संस्थाहरु | निरन्तर | |
| | लोककल्याणकारी विज्ञापनमा प्रकाशन तथा प्रसारणमा लैंगिक हिंसा तथा कुरीति विरुद्धका सन्देश तथा सामाग्री प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने । | संचार तथा सूचना प्रविधि मन्त्रालय | सूचना विभाग<br>नेपाल पत्रकार महासंघ<br>छापा तथा विद्युतीय छापा माध्यमका प्रतिनिधि संस्थाहरु | | |
| | लैगिंक हिंसा विरुद्धको अभियानलाई सबै स्थानीय तहमा पुरयाउनकालागि समाजिक अभियन्ताहरु लाई परिचालन गर्ने । | म.बा.तथा ज्ये.ना.म. | म.बा.तथा ज्येष्ठ ना.म, सा.मा.वि.म.स्थानीय तहहरु | १ वर्ष | |
| | हेल्पलाईन ११४५, १०९८, | राष्ट्रिय महिला | म.बा.तथा ज्येष्ठ ना.म, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १०४, १००, १०३, ११७७, १६६००१४१५१६, ९८५१२९८१९८ जस्ता अन्य हटलाईनका बारेमा जानकारी गराउने । | आयोग,नेपाल प्रहरी, राष्ट्रिय बाल अधिकार परिषद् | सा.मा.वि.म.स्थानीय तहहरु | | |
| | "हरेक घर सम्मानित घर अभियान" सञ्चालन गरी लैगिंक हिंसा बिरुद्धको अभियानमूलक कार्यक्रम गर्ने । | सवै स्थानीय तहहरु | म.बा.तथा ज्ये.ना.म., प्रदेश सा. वि.म. | | |
| १.३ सामाजिक जागरण र अभियान सञ्चालन गर्ने । | विशेष कार्यक्रमहरुः–<br>१)छाउपडी विरुद्धको सचेतना कार्यक्रम प्रदेश नं ६ र ७ का बढी प्रभावित क्षेत्रहरु<br>२) मानव बेच विखन ,बालविवाह, दाइजो वोक्सीको आरोप विरुद्धको सचेतना कार्यक्रम वढी प्रभावित जिल्लाहरुमा संचालन गर्ने । | म.बा.तथा ज्ये.ना.म. | प्रदेश सा. वि.म., स्थानीय तहहरु<br>गै.स.स | १ वर्ष | |
| | देशव्यापी रुपमा लैंगिक हिंसा र बलात्कार विरुद्ध १६ दिने अभियान संचालन गर्ने । | म.बा.तथा ज्ये.ना.म.,र प्रदेश सा. वि.म., स्थानीय | नेपाल सरकार सरोकारवाला निकाय, स्थानीय सरकार, विभिन्न | २५नोवेम्ब देखि १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तहहरु | सरोकारवाला संघरसंस्था तथा महिला भागिनी संगठनहरु | डिसेम्बर सम्म तथा निरन्तर | |
| | मन्त्रालयले विभिन्नप्रदेश तथा जिल्लाहरुमा लैंगिक हिंसा विरुद्ध अभियान संचालन गर्ने | म.बा.तथा ज्ये.ना.म. | प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तहहरु, विभिन्न सरोकारवाला संघरसंस्था तथा महिला भागिनी संगठनहरु<br>जि.स.स. महासंघ | २०७६ भित्र | |
| | स्थानीय तहले साविक महिला विकास कार्यक्रम अन्तर्गत गठित महिला संस्था र लैगिक हिंसा निगरानी समूह र किशोरी समूहहरुको परिचालन गर्ने । | स्थानीय तहहरु | राष्ट्रिय म.आ., प्रदेश सा.वि.म., स्थानीय तह, गृह महिला तथा वालवालिका विभाग<br>मन्त्रालयMale engagement Network | २०७६ भित्र | |
| | कार्यस्थलमा हुने यौनजन्य दूव्यवहार सम्बन्धी आचार स्रहिता तयार गरी लागु गर्ने । | म.बा.तथा ज्ये.ना.म | राष्ट्रिय म.आ., प्रदेश सा.वि.म., स्थानीय तह, गृह मन्त्रालय Male engagement Network | २०७६ माघ | |
| | महिला हिंसा लगायत विभिन्न कुरीति विरुद्ध सार्वजनिक | राष्ट्रिय म.आ, स्थानीय तह | म.बा.तथा ज्ये.ना.म,प्रदेश सा.वि.म., , गृह मन्त्रालय | १ वर्ष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुनुवाई कार्यक्रम संचालन गर्ने । | | Male engagement Network | | |
| | लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको लागि अन्तरकृया कार्यक्रम | म.बा.तथा ज्ये.ना.म, | प्रदेश सा.वि.म., सरोकारवाला निकाय, स्थानीय सरकार | पौष २०७६ | |
| | व्यवसायिक तथा औद्यौगिक संस्था / प्रतिष्ठानहरुले लैगिंक असमानता हटाउने कार्यक्रम तथा लगानी बढाउने | उद्योग वाणिज्य महासंघ (FNCCI, CNI | नेपाल चेम्वर ,एशोसियस, स्थानीय तह, औद्योगिक प्रतिष्ठान | २०७६ भित्र | |
| | ज्यालामा हुने विभेद हटाउन पहल गर्ने । | उद्योग वाणिज्य महासंघ (FNCCI, CNI | नेपाल चेम्वर ,एशोसियस, स्थानीय तह, औद्योगिक प्रतिष्ठान | निरन्तर | |
| **२.रणनीति प्रबद्र्धनात्मक** | | | | | |
| २.१रुपान्तरित नेतृत्वको छबी विकास गर्ने । | लैगिक हिंसा निवारणको क्षेत्रमा विशेष योगदान गर्ने अभियान्ताका लागि राष्ट्रिय महिला अधिकार दिवशका दिन सम्मान कार्यक्रम गर्ने । | म.बा.तथा ज्ये.ना.म, | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,जि.सस.महासंघ, न.पा.महासंघ,गापा.महासंघ,गैस स., विभिन्न सरोकारवाला संघरसंस्था तथा महिला भागिनी संगठनहरु | २०७७ जेष्ठ १६ | |
| | लैङ्गिक मैत्री नगर÷गाउपालिका’घोषणाजस्ता लैङ्गिक हिंसा निवारणका | म.बा.तथा ज्ये.ना.म, | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयजि.सस.महासंघ,नपा.म | १ वर्ष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षेत्रमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने स्थानीय तहलाई “योगमाया” पुरस्कारको घोषणा गरी प्रदान गर्ने । | | हासंघ, गापा.महा संघ,गैसस, राजनैतिक दलका | | |
| | पत्रकार तथा संचार माध्यमका अभियन्तालाई पुरस्कृत गर्ने । | म.बा.तथा ज्ये.ना.म, प्रदेश सा.वि.म., | नेपाल पत्रकार महासंघ संचारिका समूह भगिनी संघ संगठन | २०७६ सम्म | |
| | “लैंगिक हिंसा विरुद्ध जनप्रतिनिधी” कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने | सबै स्थानीयसरकार | प्र.सा. वि. म., जिसस महासंघ स्थानीय तह , म.बा.तथा ज्ये.ना.म, | २०७६ सम्म | |
| | विद्यमान कानूनमा रहेका व्यवस्थाहरुकोबारेजानकारी पुस्तिका तयार गरी वितरण गर्ने | म.बा.तथा ज्ये.ना.म, | प्र.सा. वि. म., स्थानीय तह , जिसस महासंघ स्थानीय तह विभिन्न संघ संस्थाहरु | २०७६ भित्र | |
| | न्यायिक समितिका उपप्रमुखलाई न्यायिक अभ्यास सम्वन्धि प्रयोगात्मक तालिम प्रदान गर्ने । | म.बा.तथा ज्ये.ना.म, | प्र.सा. वि. म., स्थानीय तह , जिसस महासंघ स्थानीय तह | २०७६ भित्र | |
| | ७ वटा प्रदेश अन्तर्गतका एक एक वटा उपप्रमुखलाई न्याय सम्पादनमा योगदान पु¥याएको उपलक्ष्यमा राष्ट्रिय महिला अधिकार दिवसमा पुरस्कृत गर्ने । | म.बा.तथा ज्ये.ना.म, | प्र.सा. वि. म., स्थानीय तह , जिसस महासंघ स्थानीय तह | २०७६ भित्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आ.ब.२०७५/०७६को १६दिने अभियानको निष्कर्ष सुझावहरुलाई सातवटै प्रदेश तथा स्थानीय तहहरुले कार्यान्वयन गर्ने । | प्र.सा. वि. म., स्थानीय तह , | म.बा.तथा ज्ये.ना.म, | २०७६ भित्र | |
| २.२ संकल्प प्रस्ताव कार्यान्वयन कार्ययोजना कार्यान्वयन गर्ने । | संकल्पप्रस्तावमा औल्याएका विषयहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्दै जाने । | म.बा.तथा ज्ये.ना.म. | शि वि प्रविधि मन्त्रालय, प्रदेश सरकार<br>संकल्प प्रस्ताव कार्ययोजनाका सहयोगी निकायहरु | निरन्तर | |
| | संकल्प प्रस्तावले दिएका निर्देशनहरु नीति तथा कार्यक्रममा समावेश गर्दै जाने । | म.बा.तथा ज्ये.ना.म. | संकल्प प्रस्तावका जिम्मेवार निकायहरु | निरन्तर | |
| | | | | | |
| २.३पुरुष र युवाहरुको सहभागिता/सहकार्यमा (पीडित, प्रभावित र परिवर्तनका वाहकको रुपमा) रुपान्तरणबाट अभियान सञ्चालन गन | हरेकस्थानीय तहहरुमा पुरुष युवालाई र किशोर किशोरीहरुलाई लैंगिक हिंसाविरुद्धको अभियानमा परिचालन गर्ने । | सवै स्थानीयतहहरु | प्रदेश सामाजिक विकास म<br>म.बा.तथा ज्ये.ना.म,, विभिन्न संघ सस्था तथा संजालहरु | २०७६ | |
| | लैगिंक विभेदमा आधारित हिंसा अन्त्यका लागि प्रत्येक पालिकामा २५ जना युवाहरुलाई साथी शिक्षकका रुपमा तयार गर्ने । उनीहरुकै | स्थानीय तह | म.बा.तथा ज्ये.ना.म,, स्थानीय तह,<br>जिसस महसंघ,जिल्ला समन्वय समिति, प्रदेश सरकार | २०७६ सम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अगुवाईमा रुपान्तरण म बाट अभियान सञ्चालन गर्ने । | | | | |
| | लैगिंक विभेदमा आधारित हिंसा अन्त्यका लागि आफ्नो घरमा, समाजमा जिम्मेवार भुमिका निर्वाह गरेका पुरुष, तथा युवाहरुको पहिचान गरि सम्मान गर्ने तथा सामाजिक रुपान्तरणका लागि महत्वपुर्ण भूमिका खेलेका सामाजिक नेताको नाममा हरेक वर्ष पुरस्कारको व्यवस्था गर्ने । | प्र.सा. वि. म<br>स्थानीय तह, | म.बा.तथा ज्ये.ना.म,,<br>जिसस महसंघ,जिल्ला समन्वय समिति, प्रदेश सरकार | २०७६ सम्म | |
| | लैंगिक हिंसा न्यूनिकरणका लागी कुन क्षेत्रमा के आवश्यकता छ सोको पहिचान गर्न आवश्यकता पहिचान सम्बन्धी तालिमको Manualनिर्माणगरी छपाई गर्ने । | नेपाल प्रहरी | प्रहरी तालिम महाशाखा का.प्र. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | २०७६ सम्म | |
| **३.रणनीति –सहयोगात्मक** | | | | | |
| ३.१ कुसंस्कार र हिंसामुक्त समाजः सभ्य नागरिकको आवाज | जनप्रतिनिधिहरुको अगुवाई र नेतृत्वमा हरेक स्थानीय तहमा सामाजिक, धार्मिक अगुवाहरु, महिला/मानवअधिकारकर्मीहरु | स्थानीय तह, सामाजिक अभियन्ता, किशोर किशोरी क्लवहरु | राष्ट्रिय महिला आयोग,महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सञ्चारमाध्यमहरु | २०७६ सम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| भन्नेअभियान सञ्चालन गर्ने | कोसहकार्य गरी कुसंस्कार र कुरीति विरुद्धको अभियानलाई व्यापक रुपमा सञ्चालन गर्ने । | म.बा.तथा ज्ये.ना.म., | | | |
| | सञ्चारमाध्यमसँगको समन्वय र सहकार्यमा कुरितिजन्य हिंसा विरुद्धको संदेश निरन्तर रुपमा प्रवाह गर्ने । | म.बा.तथा ज्ये.ना.म., प्र.सा.वि.म | राष्ट्रिय महिला आयोग,महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सञ्चारमाध्यमहरु | निरन्तर | |
| | युवाहरुलाई कुरितिजन्य हिंसा रुपान्तरणका संवाहकका रुपमा विकास गर्न प्रत्येक पालिकामा १५ देखि २० जना युवाहरुको छनोट गरी परिवर्तनका संवाहक युवा अभियान उद्घोष गरी किशोरकिशोरी तथा युवामैत्री कार्यक्रमहरु प्रत्येक विद्यालयमा तथा विद्यालय बाहिर रहेका किशोरकिशोरी तथा युवाहरुलाई लक्षित गरी सञ्चालन गर्ने । | स्थानीय तह | प्र.सा.वि.म,म.बा.तथा ज्ये.ना.म, विद्यालय किशोर किशोरीहरुको संजाल | २०७६ भित्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मानव बेचबिखन पिडितलाई उद्दार गर्न मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संवेदनशील जिल्लाहरुमा जोखिममा रहेका समुदायलाई सचेतना तथा सीपमुलक कार्यक्रम सञ्चालन गर्ने। | म,म.बा.तथा ज्ये.ना.म | प्र.सा.वि.म,म.बा.तथा ज्ये.ना.म, विद्यालय स्थानीय तह, विभिन्न सरोकारवाला संघरसंस्था तथा महिला भागिनी संगठनहरु | २०७६ भित्र र निरन्तर | |
| ३.२ उद्दार, पुनरस्थापना र सहयोग संयन्त्रहरुको सुदृढीकरण गर्ने । | हरेक पालिकामा हिंसा प्रभावितहरुलाई उपलब्ध सेवाहरुको विस्तृत विवरण सहितको सुचना सबैले देख्ने स्थानमा राख्ने । | स्थानीय तह<br><br>प्र.सा.वि.म,म.बा.तथा ज्ये.ना.म | नेपाल प्रहरी, | २०७६ माघ | |
| | हरेक पालिकामा हिंसाको जोखिममा रहेका महिलाहरुका लागि पुनरस्थापना तथा मनोविमर्श सेवा केन्द्र स्थापना गर्ने, | स्थानीय तहहरु | म.तथा बा.विभाग,प्र. प्रदेश सा.वि.मं सरोकारवाला निकाय | २०७६ अन्त सम्म | |
| | लैंगिक हिंसा सम्वन्धमा उजुरी व्यवस्थापनलाई प्रभावकारी तुल्याउने । | राष्ट्रिय महिला आयोग<br>नेपाल प्रहरी, | स्थानीय तहहरु | निरन्तर | |
| ३.३ लैंगिक हिंसा अन्त्यका लागि | ७ वटै प्रदेशमा लैगिक हिंसा निवारण कोष स्थापना | प्र सामाजिक वि म | म.बा.तथा ज्ये.ना.म, | २०७६ सम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| उत्तरदायित्व कानूनी तथा नीतिगत व्यवस्थामा सुदृढीकरण | गर्ने । | | स्थानीयतहहरु<br>, | | |
| | ७५३ वटै स्थानीय तहमा लैगिक हिंसा निवारण कोष स्थापना गरिने छ । | स्थानीय सरकार | म.बा.तथा ज्ये.ना.म,<br>प्र.सरकार,<br>प्र.सा.वि.म, | २०७६ मंसिर | |
| | लैगिंक हिंसा निवारणका लागि आचार संहिता बनाइ आफु सम्बद्ध सदस्य मार्फत कार्यान्वयन गर्ने (होटल, रेष्टुडेन्ट सार्वजानि तथा निजी संघ संस्था ) | होटल एशोसिएशन नेपाल निकायबाट सरोकारवाला निकाय | संस्कृत, पर्यटन तथा नागरिक उडययन मन्त्रालय, टेकिङ एण्ड टुरिष्ट गाइड एशोसिएसन | २०७६ सम्म | |
| | हिंसा पीडितको तत्काल उद्धार, राहत तथा न्यायमा पहुँचका लागि नमूना कार्यविधि तथा संघ प्रदेश तथा स्थानीय तहमा संयन्त्र स्थापना गर्ने । | म.बा.तथा ज्ये.ना.म, प्रदेश तथा स्थानीय तह | प्र.सा.वि.म, स्थानीय तह,<br>प्र.स.वि.म.<br>नेपाल प्रहरी<br>राष्ट्रिय महिला आयोग | २०७६ भित्र | |
| | लैगिंक समानता नीति तर्जुमा गर्ने । | म.बा.तथा ज्ये.ना.म, | प्रदेश तथा स्थानीय तह | निरन्तर | |
| | ७५३ स्थानीय तहका महिला, बालबालिका शाखा स्थापना गर्ने । | म.बा.तथा ज्ये.ना.म | प्र.सरकार,<br>प्र.सा.वि.म, स्थानीय सरकार | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लैगिंक हिंसालाई तत्काल सम्बोधन उद्धार तथा समन्वयगर्न केन्द्रमा गृह मन्त्रालय, म.बा. तथा जे.ना. मन्त्रालय, राष्ट्रिय महिलाआयोग र नेपालप्रहरी लगायतकाअन्य सरोकारवालानिकायपहिचान गरी JMC (Joint Monitoring Centre ) | म.बा.तथा ज्ये.ना.म | गृह मन्त्रालय , प्र.सरकार, प्र.सा.वि.म, सरोकारवाला निकाय | २०७६ माघ | |
| | लैगिंक हिंसालाई तत्काल सम्बोधन, उद्धार तथा समन्वयगर्न सबै प्रदेश तहमा संयन्त्रतयार गर्ने । | म.बा.तथा ज्ये.ना.म | , प्र.सा.वि.म, सबै स्थानीयतहहरु सरोकारवाला निकाय | २०७६ पौष | |
| | स्थानीयतहका पुनस्थापन केन्द्र विस्तार गर्ने । | म.तथाबा. विभाग प्रदेश सरकार , स्थानीयतह | म.बा.तथा ज्ये.ना.म, प्र.सा.वि.म, | २०७६ भित्र | |
| | प्रदेशमा एकीकृत सेवा प्रवाह गर्न दिर्घकालिन पुनस्र्थापना केन्द्र स्थापना गर्ने । | म.बा.तथा ज्ये.ना.म, प्रदेश सरकार, | प्र.सा.वि.म, स्थानीय तह, प्र.स.वि.म. | २०७६ भित्र | |
| | पीडितको न्यायमा सहज पहुँच पुर्याउन प्रहरी कार्यालयका मुद्धा शाखामा कार्यरत अपराध अनुसन्धान अधिकारी र | नेपाल प्रहरी | प्र. को नि.म. सचिवालय कानुन शाखा<br>गृह मन्त्रालय<br>अर्थ मन्त्रालय | २०७६ भित्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | म.बा.बा.तथा ज्ये. ना.से. केन्द्रहरुमा कार्यरत प्रहरी कर्मचारीहरुलाई लैगिंक अभिमुखी अनुसन्धान र मनोसामाजिक मनोविमर्श सीप सम्बन्धी तालिम प्रदान गर्ने । | | | | |
| | | | | | |
| **४.रणनीति – न्यायमा पहुँच बढाउन** | | | | | |
| ४.१ उपचारात्मक कार्यक्रम गर्ने | निःशुल्क कानुनी सहायतालाई थप प्रभावकारी बनाई न्यायमा पँहुच अभिवृद्धि गर्ने । | का.न्या.तथा सं.मा.म.,गृह म.,सरकारी वकिलको कार्यालय | राष्ट्रिय महिला आयोग,अदालतहरु उच्च अदालत, न्यायिक समिति | निरन्तर | |
| | निरन्तर सुनुवाई ,फ्रास्ट ट्र्याकबाट सेवा प्रवाह गर्ने । | का.न्या.तथा सं.मा.म. | न्यायिक निकायहरु, मानव अधिकार आयोग, न्यायिक समिति | निरन्तर | |
| | पीडकको आर्थिक अवस्थाको खोज तथा अनुसन्धान गरी पीडित तथा प्रभावितलाई निजबाटै क्षतिपूर्ति भराउने | का.न्या.तथा सं.मा.म. | न्यायिक निकायहरु, मानव अधिकार आयोग, न्यायिक समिति । | निरन्तर | |
| | अनुसन्धान पद्धतिलाई आधुनिक तथा वैज्ञानिक बनाउदै पीडितको गोपनीयतामा विशेष ध्यान दिने । | का.न्या.तथा सं.मा.म.,गृह म.,सरकारी | न्यायिक निकायहरु, मानव अधिकार आयोग, न्यायिक समिति । | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वकिलको कार्यालय | | | |
| | कार्यस्थलमा हुने यौनजन्य दुव्र्यव्यवहारका घटनामा मौन रहने संस्कारको अन्त गर्न र सुरक्षित उजुरी संयन्त्र स्थापना गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गर्ने । | का.न्या.तथा सं.मा.म.,गृह म.,सरकारी वकिलको कार्यालय | प्र.सरकार,स्थानीय सरकार | २०७६ माघ | |
| | कार्यस्थलमा हुने यौनजन्य दूव्र्यवहार सम्बन्धी सचेतना फैलाउने । | म.बा.तथा ज्ये. ना.म.प्रदेश सरकार र स्थानीय सरकार | म.बा.तथा ज्ये. ना.म. | निरन्तर | |
| | लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरुलाई संवोधन गर्न प्रहरी कार्यालयहरु (स्थानीय सरकारदेखि केन्द्रस्तरसम्म) मा महिला तथा बालबालिका सेवा केन्द्रको विस्तार तथा सुदृढीकरण गर्ने । | नेपाल प्रहरी | संघीय मामिला तथा सा.प्र. म., | २०७६ | |
| | महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको प्रमुखको रुपमा क्रमशस् जिल्ला स्तरमा प्र.नि.दर्जा र अन्यत्र जुनियर | नेपाल प्रहरी | अर्थ मन्त्रालय,<br>प्रहरी प्रधान कार्यालय<br>कार्य एवं अपराध अनुसन्धान विभाग | २०७६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रहरी अधिकृतको महिला प्रहरी अधिकृतलाई खटाउने व्यवस्था गर्ने । | | | | |
| | तीनै तहका सरकारबीच समन्वात्मक, सहयोगात्मक र सहकार्यात्मक भूमिकामा विस्तार गर्ने (प्रतिवेदन प्रणाली, सूचना तथा तथ्याकको आदान प्रदानको संयन्त्र निर्माण गर्ने । | संघ, प्रदेश र स्थानीइ तह, नेपाल प्रहरी | म.बा.तथा ज्ये. ना.म. अर्थ मन्त्रालय, प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग | २०७६ | |
| | कानुनको विवादमा परेका बालबालिका र पीडित बालबालिकाको लागि बालमैत्री कक्षहरुमा आवश्यक सामग्रीहरू उपलब्ध गराउने । छुट्टै कक्ष नभएका ठाउँमा बिस्तार गर्ने । | संघ, प्रदेश र स्थानीइ तह, नेपाल प्रहरी | म.बा.तथा ज्ये. ना.म. अर्थ मन्त्रालय, प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग | २०७६ | |
| | ७ वटै प्रदेशको म।बा।बा। तथा जे।ना।से।के। मा दरबन्दी भएको कार्यरत एक सि.प्र.अ.(प्र.नि.)लाई पदेन Gender Focal Person for the whole province तोक्ने ( TOR) बनाउनु पर्ने। | संघ, प्रदेश र स्थानीइ तह, नेपाल प्रहरी | म.बा.तथा ज्ये. ना.म. अर्थ मन्त्रालय, प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग | २०७६ | |
| | हिसां पिडित महिलाहरुलाई न्याय प्रदान गर्न न्याय सम्पादन | संघ, प्रदेश र स्थानीइ तह, | म.बा.तथा ज्ये. ना.म. अर्थ मन्त्रालय, | २०७६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रकृया सुधार गर्न सिफारिस गर्ने । | नेपाल प्रहरी | प्रहरी प्रधान कार्यालय<br>कार्य एवं अपराध अनुसन्धान विभाग | | |
| ५. **अभियान संचालन तथा कार्ययोजना कार्यान्वयन संयन्त्र गठन गर्ने** | लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा संयोजन मूल समिति<br>मन्त्रीको संयोजकत्वमा गठन गर्ने | महिला<br>वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | समितिका सदस्यहरु | कार्तिक<br>१७<br>२०७६ | |
| | लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा संयोजन प्रदेश स्तरीय समिति प्रदेश सामाजिक मन्त्रीको संयोजकत्वमा गठन गर्ने | सवै प्रदेश सामाजिक विकास मन्त्रालय | समितिका सदस्यहरु<br>म वा तथा ज्ये ना मन्त्रालय | मंसीर १५<br>२०७६ | |
| | लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा संयोजन स्थानीय तह स्तरीय समिति प्रमुखको संयोजकत्वमा गठन गर्ने | सवै स्थानीयतह हरु | समिति सदस्यहरु<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>म वा तथा ज्ये ना म<br>प्रदेश सामाजिक विकास मन्त्रालय | मंसीर १५<br>२०७६ | |

## ४. संचालन तथा संयोजन मूल समिति गठन

**कार्ययोजनाको कार्यान्वयन तथा आवश्यक समन्वय तथा सुझावको लागि देहाय वमोजमका सदस्यहरु रहेको मूल समिति गठन गरिनेछ ।**

**लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा संयोजन मूल समिति**

१) माननीय मन्त्रीज्यू महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अध्यक्ष
२) श्रीमान् सचिवज्यू महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सदस्य
३) सचिव शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालय सदस्य
४)सचिव स्वास्थ्य तथा जनंसख्या मन्त्रालय सदस्य
५) सचिव संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसदस्य सदस्य
६सचिव राष्ट्रिय महिला आयोग
७) प्रहरी महानिरीक्षक सदस्य
८) राष्ट्रिय पार्टीका महिला संगठनको एक/एक जना अध्यक्षहरु सदस्य
९) पत्रकार महासंघको अध्यक्ष सदस्य
१०) जि.स.स महासंघ अध्यक्ष सदस्य
११) नगरपालिका महासंघ अध्यक्ष सदस्य
१२) गाउँपालिका महासंघ अध्यक्ष सदस्य
१३ गैरसरकारी संस्था महासंघ अध्यक्ष सदस्य
१४)नीजि तथा आवासिय विद्यालय अर्गनाइजेशन नेपालका अध्यक्ष सदस्य
१५) राष्ट्रिय नीजि तथा आवाशिय विद्यालय एशोसियशन नेपालका अध्यक्ष सदस्य
१६)राष्ट्रपति महिला उत्थान कार्यक्रम निर्देशक समिति वाट प्रतिनिधि सीता पौडेल सदस्य
१७) विज्ञ समूहवाट प्रतिनिधि शर्मिला कार्की
र डा. रेणु राजभण्डारी (अधिकारी) सदस्य
१८) राष्ट्रिय सहकारी महासंघ अध्यक्ष सदस्य
१९) सामुदायिक वन उपभोक्ता महासंघ नेपाल अध्यक्ष सदस्य
२०) महिला सञ्चारकर्मीहिरुको संगठन अध्यक्ष सदस्य
२१)मानव बेचविखन विरुद्धको संजाल अध्यक्ष सदस्य
२२) सहसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सदस्य सचिव

समितिमा विकास साझेदारका प्रतिनिधि तथा आवश्यकता वमोजिम विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## मूल समितिको जिम्मेवारी

- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ लाई सफल पार्न विभिन्न अभियानमूलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने।
- कार्ययोजना कार्यान्वयनको लागि आवश्यक समन्वय गरी सल्लाह सुझाव प्रदान गर्ने
- आ आफ्नो निकायगत जिम्मेवारी अनुरुपका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धित निकायलाई निर्देशन प्रदान गर्ने।
- लैंगिक हिंसा तथा कुरीति विरुद्ध सामूहिक प्रयत्नद्धारा समस्याको निराकरणका लागि पहल गर्ने।
  प्रदेशस्तरीय समिति तथा स्थानी तह स्तरीय समितिसँग समन्वय गरी कार्य गर्ने।

**५. हरेक प्रदेशमा सामाजकि विकास मन्त्रीको संयोजकत्वमा लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा कार्ययोजना कार्यान्वयन समिति गठन गरिनेछ।**

### प्रदेशस्तरीय समितिको जिम्मेवारी

- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ लाई सफल पार्न विभिन्न अभियानमूलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने।
- कार्ययोजना कार्यान्वयनको लागि आवश्यक समन्वय गरी सल्लाह सुझाव प्रदान गर्ने।
- आ आफ्नो निकायगत जिम्मेवारी अनुरुपका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने।
- लैंगिक हिंसा तथा कुरीति विरुद्ध सामूहिक प्रयत्नद्धारा समस्याको निराकरणका लागि पहल गर्ने।
- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ लाई सफल पार्न भएका विभिन्न अभियानमूलक कार्यक्रम तथा कार्ययोजना वमोजिमका कार्यहरुको प्रगति प्रत्येक २।२ महिनामा मूल समितिमा पठाउने।
- संघको मूल समिति तथा स्थानीयतह स्तरीय समितिसँग समन्वय गरी कार्य गर्ने।

**६. जिल्ला स्तरीय समितिः  जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा सम्बन्धित जिल्लाका स्थानीय तहका प्रमुख, उपप्रमुख तथा संघ संस्थाको प्रतिनिधि रहने समिति गठन गर्न सकिनेछ ।**

**७. सवै स्थानीयतहहरुमा प्रमुखको संयोजकत्वमा स्थानीय तह स्तरीय लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन  तथा कार्ययोजना कार्यान्वयन समितिगठन गरिनेछ ।**

**स्थानीय तह्स्तरीय समितिको जिम्मेवारी**

- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ लाई सफल पार्न विभिन्न अभियानमूलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।
- कार्ययोजना कार्यान्वयनको लागि आवश्यक समन्वय गरी सल्लाह सुझाव प्रदान गर्ने ।
- कार्ययोजना वमोजिमका कार्यहरु संचालन गर्ने गराउने व्यवस्था मिलाउने ।
- संघको मूल समिति तथा प्रदेशस्तरीय समितिसँग समन्वय गरी कार्य गर्ने ।
- आ आफ्नो निकायगत जिम्मेवारी अनुरुपका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने ।
- लैंगिक हिंसा तथा कुरीति विरुद्ध सामूहिक प्रयत्नद्धारा समस्याको निराकरणका लागि पहल गर्ने ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ लाई सफल पार्न भएका  विभिन्न अभियानमूलक कार्यक्रम तथा कार्ययोजना वमोजिमका कार्यहरुको प्रगति प्रत्येक २।२ महिनामा मूल समितिमा पठाउने ।

**८. साझेदार निकायको भूमिका**

नेपाल सरकारका विभिन्न निकाय गैर सरकारी संघ सस्था विभिन्न सरोकारवाला निकाय र संघ सस्थाहरु तथा अन्तराष्ट्रिय विकास साझेदारवाट आवश्यकता अनुसार सहयोग तथा सहायताको अपेक्षा गरिएको छ । राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले आ आफ्ना कार्यक्रम स्वीकृत तथा संचालन गर्दा यो कार्ययोजनालाई आधार लिनु पर्नेछ ।

## ९. संचार माध्यमहरुको भूमिका

संचार माध्यमको सहयोगले यस सवाललाई सार्वजनिक गर्न, जिम्मेवार निकायको भूमिकालाई सुदृढ गर्न,जनचेतना अभिवृद्धि गर्न तथा हिंसा पिडित र प्रभावितहरुको शिघ्र उद्धार तथा संरक्षण गर्न महत्वपूर्ण भूमिका रहने भएकोले संचार माध्यमको प्रभावकारी र जेण्डर मैत्री भूमिकाको अपेक्षा गरिएको छ ।

## १०. कार्ययोजना कार्यान्वयका लागि आर्थिक व्यस्था

- कार्ययोजना कार्यान्वयनका लागि देहायको स्रोतवाट आर्थिक व्यवस्था गरिनेछ ।
- नेपाल सरकार, प्रदेश सरकारतथा स्थानीय सरकारको वजेट
- संयुक्त राष्ट्र सघं अन्य राष्ट्रिय अन्तराष्ट्रिय संस्था तथा विकास साझेदार

## ११. अनुगमनसम्वन्धीव्यवस्था

कार्ययोजना कार्यान्वयको अनुगमन केन्द्रमा महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मूल संयोजन समिति, प्रदेशमा प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेशस्तरको समिति तथा स्थानीयतहमा स्थानीयस्तरको समिति स्थानीय तह तथा जिल्ला समन्वय समितिको रहने छ ।